# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ______________________________
   (Name) ______________________________
2. (Signature) ______________________________
   (Name) ______________________________

| D | 3 | 4 | 1 | 3 |
|---|---|---|---|---|

OMR Sheet No. : .............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.______________________________
(In words)

Time : **2 ½** hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

## NEPALI
## नेपाली
### PAPER – III
### प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**नोट :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्न अनिवार्य छन् ।

**1.** 'भारतीय नेपाली साहित्यमा दुई महासभाबिचको अवधि जातीय जागरणको काल थियो ।'

– यो कथन कसको हो ?

(A) अगमसिंह गिरी (B) इन्द्रबहादुर राई

(C) कुमार प्रधान (D) असीत राई

**2.** 'सानुमा सानु कुसुमे रुमाल बाटैमा पायौ कि झन् पर जान्छु झन् माया लएछ मोहनी लायौ कि !'

– यस पद्यांशका रचयिता को हुन् ?

(A) चन्द्रध्वज राई (B) मेलवा देवी

(C) हाजिरमान राई (D) डाकमान राई

**3.** "काव्य भावनाको उन्मोचन होइन, तर भावनाबाट पलायन हो; यो व्यक्तित्वको अभिव्यक्ति होइन, तर व्यक्तित्वबाट पलायन हो ।"

– यो विचार कसको हो ?

(A) रिचर्ड्स (B) इलियट

(C) वर्ड्सवर्थ (D) शेली

**4.** 'तीन घुम्ती' की इन्द्रमायालाई 'दमितराग यौवना', 'पुंश्चली', 'आत्ममोह विलिङ्गकामी' र 'लेस्बियन बन्न सक्ने' विकारका दोष लाग्नसक्ने सम्भावना व्यक्त गर्ने समालोचक को हुन् ?

(A) कृष्णचन्द्रसिंह प्रधान

(B) मुरारीप्रसाद रेग्मी

(C) इन्द्रबहादुर राई

(D) कृष्ण गौतम

**5.** कस्तो तत्त्वलाई 'रूपाधान तत्त्व' भनिन्छ ?

(A) वर्णनीय वस्तुसँग तुलनीय वस्तुको समानता अभेददेखाउने तत्त्व ।

(B) कुनै शब्दको बनोटमा आउने मूल तत्त्व ।

(C) शब्दलाई वाक्यतत्त्वका आधारमा रूप बनाउने प्रकिया ।

(D) भाषावैज्ञानिक र शैली वैज्ञानिक सूक्ष्म तत्त्व ।

**6.** "म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी" – भन्ने व्यक्ति को हुन् ?

(A) हृदयचन्द्रसिंह प्रधान ।

(B) विश्वेश्वरप्रसाद कोइराला ।

(C) गणेशलाल सुब्बा ।

(D) आनन्द देव भट्ट ।

**7.** लक्ष्मीप्रसाद देवकोटा कृत 'प्रमिथस' महाकाव्यको आधारभूत मूलपाठ कुन हो ?

(A) 'प्रगति' पत्रिकामा छापिएको अंश ।

(B) 'प्रगति' पत्रिकामा छापिएको अंशको परिमार्जित रूप ।

(C) देवकोटाकै हस्तलिखित मूल पाण्डुलिपि ।

(D) 'मदन' पुस्तकालयमा सुरक्षित प्रमिथसको प्रतिलिपि ।

**8.** मुख्यार्थहतिदोषको अवधारणा कसको कुन कृतिमा पाइन्छ ?

(A) भरतको 'नाट्य शास्त्र' मा ।

(B) मम्मटको 'काव्य प्रकाश' मा ।

(C) दण्डीको 'काव्यादर्श' मा ।

(D) वामनको 'काव्यालङ्कार सूत्र' - मा ।

**9.** इतिहासको चक्रीय सिद्धान्तका प्रतिपादक को हुन् ?

(A) बेनेडिटो क्रोचे ।

(B) विल्हेल्म डिल्थी ।

(C) गियाम्बतिस्ता विको ।

(D) मिसेल फुको ।

**10.** रूपनायण सिंहको गद्यशैलीलाई 'चटुलपटुचारू शैली' भन्ने समालोचक को हुन् ?

(A) रामकृष्ण शर्मा ।

(B) वासुदेव त्रिपाठी ।

(C) ईश्वर बराल ।

(D) कमल दीक्षित ।

**11.** 'अन्धवेग' नाटकमा – "शरीरको समस्त वासनाबार आत्माको मोक्ष हुनु पूर्ण स्वातन्त्र्य हो" भन्ने पात्रको नाम के हो ?

(A) धुरारी ।

(B) गरुडध्वज ।

(C) जयवीर ।

(D) वैकुण्ठमान ।

**12.** अवस्था विशेषका आधारमा कलहान्तरिता कस्ती नायिका हो ?

(A) परस्त्रीको संसर्गले दूषित पतिलाई देखेर रिसाएकी ।

(B) कार्यवश प्रिय प्रवासमा हुँदा विरहिणी भएकी ।

(C) समयमा प्रिय घर नआइपुग्दा अपमानित भएकी ।

(D) चिप्लो घस्ता पनि रिसले प्रियलाई हटाई पश्चाताप गर्ने नायिका ।

**13.** तल नाउँ उल्लेख गरिएका कुन चिन्तकले कुन अवधारणाबारे विशेष प्रकाश पारेका छन् ?

| | |
|---|---|
| (क) आल्थ्युसर | (i) डिस्कोर्स |
| (ख) होमी भाभा | (ii) हेगेमनी |
| (ग) आन्तोनियो ग्राम्सी | (iii) आइडियोलजी |
| (घ) मिसेल फुको | (iv) महाआख्यान |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (ii) | (i) |
| (B) | (ii) | (i) | (iv) | (iii) |
| (C) | (iv) | (iii) | (ii) | (i) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

**14.** 'आगम' भनेको के हो ?

(A) भाषामा नभएका शब्द अरू भाषाबाट लिने काम ।

(B) कुनै नयाँ वस्तु वा अवधारणासँगै त्यसको नाउँ पनि ग्रहण गर्ने काम ।

(C) सन्धि हुँदा कुनै ध्वनि थपिने प्रक्रिया ।

(D) सन्धि हुँदा एउटा ध्वनिको साटो अर्के ध्वनि आउने प्रक्रिया ।

**15.** सङ्कथन व्याकरणका प्रमुख विभाग कुन कुन हुन् ?

(A) वाक्य, अनुच्छेद, पाठ र कथन ।

(B) वाक्य, प्रकरण, अनुच्छेद र सङ्कथन ।

(C) प्रकरण, अनुच्छेद, परिच्छेद, पाठ ।

(D) सङ्ख्या, कथन, पाठ र अनुच्छेद ।

**16.** नाटकमा दुवैतिरको आशय बुझेर आफै कुरा मिलाई काम फत्ते गर्ने दूतलाई के भनिन्छ ?

(A) सन्देशहारक ।

(B) मितार्थ ।

(C) निसृष्टार्थ ।

(D) औदार्य ।

**17.** वट विटप फिंजाई झ्याम्म छन् उच्च पञ्च
विरल मुनी-कुटी छन् दूरमा निष्प्रपञ्च
वनबिच रहनामा त्यो जनस्थान भारी
उचित भनि यहाँ भो पर्ण-शाला तयारी

– यस श्लोकको प्रसङ्ग के हो ?

(A) 'शाकुन्तल' - मा दुष्यन्त - शकुन्तला भेट ।
(B) 'महाराणा प्रताप' - मा वनवास ।
(C) 'रामायण' मा पद्म सरोवरको वर्णन ।
(D) 'आदर्श राघव' मा पञ्चवटी प्रवेश ।

**18.** 'आगो र पानी' खण्डकाव्यलाई 'मानव इतिहास बोलेको पहिलो र जेठो बौद्धिक काव्य' मान्ने समालोचक को हुन् ?

(A) यदुनाथ खनाल ।
(B) कृष्णचन्द्रसिंह प्रधान ।
(C) रामकृष्ण शर्मा ।
(D) रत्नध्वज जोशी ।

**19.** भेदमा अभेद, अमूर्तमा मूर्त र अचेतनमा चेतन आरोप गरिएको वक्रोक्तिको भेदलाई के भनिन्छ ?

(A) पर्याय वक्रता । (B) संवृत्ति वक्रता ।
(C) वृत्ति वक्रता । (D) उपचार वक्रता ।

**20.** "बाइस वर्षको उमेरमै कालले भरखरै उकालेको यौवनमा म बूढी भैसकेकी छु – इतिहासको ध्वंशावशेषको गह्वरमित्र टिकिरहेको प्राचीन प्राणी !"

– यो वाक्य कुन उपन्यासकी पात्राको आत्मव्यथा हो ?

(A) 'तीनघुम्ती' – की इन्द्रमायाको ।
(B) 'बाबु आमा र छोरा' – की कान्छीमैयाँको ।
(C) 'नरेन्द्र दाइ' – की फगुनीको ।
(D) 'मोदिआइन' – की मोदिआइनको ।

**21.** 'हैदर हो कित हार हो बिजुली हो या हो हिराकी चरी' – यस समस्यालाई पूर्ति गर्ने माध्यमिककालीन कवि को – को हुन् ?

(A) मोतीराम र काशीनाथ ।
(B) गोपीनाथ र लक्ष्मीदत्त पन्त ।
(C) मोतीराम र नरदेव ।
(D) मोतीराम र कालीप्रसाद ।

**22.** "कवि भानुभक्ताचार्य कवि मात्र होइन, दार्शनिक थिए, नैयायिक थिए औ थिए असल मानव ।"

– यो कसको मन्तव्य हो ?

(A) मोतीराम भट्ट ।
(B) लक्ष्मीप्रसाद देवकोटा ।
(C) बालकृष्ण सम ।
(D) रूपनारायण सिंह ।

**23.** बालकृष्ण समका विचारमा 'अन्धवेग' कुन किसिमको नाटक हो ?

(A) समाजलाई स्वतन्त्ररूपमा विचार गर्न सिकाउने ।
(B) समाज जस्तो छ उस्तै तस्वीर दर्शाउने ।
(C) समाजलाई स्वधर्म सिकाउने ।
(D) समाज-व्यवस्थालाई आदर्शीकरण गर्ने ।

**24.** नाटकमा अधिबाट स्पष्ट नभएको कुरा स्पष्ट पार्न अरू पदहरू थपेर पात्र प्रवेश गराइएको प्रस्तावनाका भेदलाई के भनिन्छ ?

(A) उद्धात्यक । (B) प्रवर्तक ।
(C) अवगलित । (D) कथोद्घात ।

**25.** "यसै पनि उपन्यास जीवनकै इतिवृत्ति हो, तर कुनै उपन्यासकारले जीवनको सम्पूर्णता उपन्यासमा दिन सक्दैन, न त जीवनको शेष बिन्दुसम्म पुग्न सक्छ ।"

– यो विचार कसले कुन उपन्यासका सन्दर्भमा व्यक्त गरेका हुन् ।

(A) 'आज रमिता छ' – का सन्दर्भमा इन्द्रबहादुर राईले ।

(B) 'अशेष यात्रा' – का सन्दर्भमा कृष्णसिंह मोक्तानले ।

(C) 'प्रतिध्वनिहरू विस्मृतिका' – का सन्दर्भमा लीलबहादुर छेत्रीले ।

(D) 'नियति' – का सन्दर्भमा इन्द्र सुन्दासले ।

**26.** कस्तो काव्योक्तिलाई काव्याचार्यहरूले 'पोटोक्ति' – को संज्ञा दिएका छन् ?

(A) छट्टुको बोली ।

(B) पागलको बोली ।

(C) बालकको बोली ।

(D) माथिल्लो तहमा पुगेर उर्लिएकी नीच युवतीको बोली ।

**27.** ध्रुवचन्द्र गौतमले ऋतुविचार, र 'दशकुमारचरित' को खिल्ली उडाउने शैलीमा 'अलिखित' उपन्यास लेखेका छन् भन्ने समीक्षक को हुन् ?

(A) कृष्ण गौतम ।

(B) गोविन्दराज भट्टराई ।

(C) माधवप्रसाद पोखरेल ।

(D) राजेन्द्र सुवेदी ।

**28.** संस्कृत वाङ्मयमा कुन कविको भाषा का सन्दर्भमा 'नारिकेलफलसन्निमं वचः' भनिएको छ ?

(A) कालिदास ।
(B) भर्तृमेण्ठ ।
(C) भारवि ।
(D) माघ ।

**29.** बालकृष्ण पोखरेलका मतानुसार नेपाली भाषामा उपलब्ध पहिलो यात्रासाहित्य कुन हो ?

(A) 'राजा गगनिराजको यात्रा' ।

(B) पं. गदाधर सुवेदीको 'अर्जीपत्र' ।

(C) 'जङ्गबहादुरको बेलाइत यात्रा' ।

(D) चिरञ्जीवी पौड्यालको 'श्री यूरोपयात्रा' ।

**30.** इन्द्रबहादुर राईका विचारमा 'वस्तुता' भनेको के हो ?

(A) वस्तुको स्वातन्त्र्य ।

(B) अनुभूतिगत स्वातन्त्र्य ।

(C) बौद्धिक स्वातन्त्र्य ।

(D) तादात्मिक स्वातन्त्र्य ।

**31.** 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' – का लेखक को हुन् ?

(A) मोतीराम भट्ट ।

(B) सूर्यविक्रम ज्ञवाली ।

(C) नरनाथ आचार्य ।

(D) बालचन्द्र शर्मा ।

**32.** नेपालीमा पाइने लाप्रो, पोटी, कोसो, धरी, केस्रोजस्ता शब्दलाई व्याकरणिक शब्दावलीमा के भनिन्छ ?

(A) विशेषक ।

(B) पूरक ।

(C) कोटिकार ।

(D) नामानुगामी निपात ।

**33.** 'कृदन्तीकरण प्रक्रिया' भनेको के हो ?

(A) भाषामा सबै प्रत्यय कृत् प्रत्ययमा परिणत हुने प्रक्रिया ।

(B) तद्धित प्रत्यय विस्तारै प्रयोगक्रममा रूप बद्लिएर कृत बन्ने प्रक्रिया ।

(C) एउटा निवेश-वाक्यभित्र अर्को निवेश-वाक्य छिर्ने प्रक्रिया ।

(D) दुईवटा वाक्यलाई एउटै वाक्य बनाउँदा समापिका क्रियाले असमापिका रूप ग्रहण गर्ने प्रक्रिया ।

**34.** 'आफू' कस्तो शब्द हो ?

(A) सम्बन्धवाचक सर्वनाम ।

(B) दर्शक सर्वनाम ।

(C) निजवाचक सर्वनाम ।

(D) सार्वनामिक विशेषण ।

**35.** भाषाविज्ञान अनुसार सर्वनामीकरण भन्नाले के बुझिन्छ ?

(A) नाम सँगसँगै सर्वनामको प्रयोग ।

(B) क्रियापदमा सर्वनाम गाँसिन जानु ।

(C) भाषामा सर्वनामहरूको सङ्ख्यामा वृद्धिहुने प्रक्रिया ।

(D) अर्के कुनै वर्गको शब्दले सर्वनामको काम गर्ने प्रक्रिया ।

**36.** "यो नाटक चाँडै खेलिएला भन्ने आशा गरे पनि दश वर्ष यता त कुन्नि !"

– प्रस्तुत कथन कुन नाटककारले कुन नाटकका सन्दर्भमा भनेका हुन् ?

(A) पहलमानसिंह स्वाँरले 'अटलबहादुर' का सन्दर्भमा ।

(B) बालकृष्ण समले प्रेमपिण्ड – का सन्दर्भमा ।

(C) गोपालप्रसाद रिमालले 'मसान' – का सन्दर्भमा ।

(D) भीमनिधि तिवारीले 'किसान' – का सन्दर्भमा ।

**37.** 'लाहुरेको रेलिमाइ फेसनै राम्रो' गीतका गीतकार को हुन् ?

(A) हाजिरमान राई ।

(B) मित्रसेन थापा ।

(C) बहादुरसिंह बराल ।

(D) धर्मराज थापा ।

**38.** प्रकृतिका आधारमा 'नैनीका राम' नाटकका नायक रामकुमार कस्ता नायक हुन् ?

(A) धीरोदात्त ।  (B) धीरोद्धत ।

(C) धीरललित ।  (D) धीरप्रशान्त ।

**39.** 'युद्ध र योद्धा' खण्डकाव्यको अनुशीर्षक कुन हो ?

(A) युद्धको व्याघातपूर्ण स्मृति-चिह्न ।

(B) जातीयताबोधको गौरवपूर्ण इतिहास ।

(C) इतिहास : दोस्रो महायुद्धमा मरेका र घाइते सैनिकहरूको सम्झना ।

(D) रण-प्राङ्गणको स्मृति-चिह्न ।

**40.** नेपालीमा अनूदित कतिवटा रामायणहरूको पाठभेद सहित सूर्यविक्रम ज्ञवालीले 'भानुभक्तको रामायण' (१६३२) सम्पादन गरेका छन् ?

(A) पाँचवटा ।  (B) छवटा ।

(C) सातवटा ।  (D) आठवटा ।

**41.** यता विज्ञानी भै उसतिर भई ज्ञानसहित दुवैतर्फी तेजी प्रबल नृप झैं कल्करहित । अरू कोही छैनन् मकन पनि थाहा यति थियो सवारी भो राजा अब सकल चिन्ता पनि गयो ।।

– यो पद्यांश कसको र कुन कृतिबाट उद्धृत गरिएको हो ?

(A) भानुभक्तको 'रामायण' ।

(B) रघुनाथको 'रामायण-सुन्दरकाण्ड' ।

(C) लेखनाथको 'तरुण तपसी' ।

(D) लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल' ।

**42.** रूपनारायण सिंहको अपूर्ण उपन्यासकी नायिका बिजुलीका परवर्ती नाम के-के हुन् ?

(A) मालती र मन्दाकिनी ।

(B) सुनन्दा र सुनकेशी ।

(C) नेली र दीपलता ।

(D) माधवी र सुशीला ।

**43.** "टाडा धेरै टाडा शेषनागले पनि वर्णन गर्न नसक्ने ठाउँमा त्यो उड्दै गइरहेछ, जुन ठाउँमा भएकोलाई उ यस अन्धकार दुनियाँमा बसेकोले हेर्दा यस्तै हुन्छ ।"

– यो कथन कसको र कुन कथाको हो ?

(A) शिवकुमार राईको 'ज्यानमारा ?'

(B) गोविन्द गोठालेको 'ज्यानमारा' ।

(C) पुष्कर शम्शेरको 'परिबन्द' ।

(D) विश्वेश्वरप्रसाद कोइरालाको 'सिपाही' ।

**44.** 'कविता भावनाको बौद्धिक कोमलता हो ।'

– यो कसको कथन हो ?

(A) रामकृष्ण शर्मा ।

(B) लक्ष्मीप्रसाद देवकोटा ।

(C) बालकृष्ण सम ।

(D) वासुदेव त्रिपाठी ।

**45.** विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' उपन्यासको पृष्ठाधार के हो ?

(A) प्रारब्ध र नियतिको सर्वसत्ता ।

(B) अवान्तर पीडा र अन्यमनस्कता ।

(C) गीता दर्शन ।

(D) रागात्मक अन्धवेग ।

**46.** 'स्फोट' के हो ?

(A) ध्वनिहरूको अविच्छिन्न व्यापार ।

(B) ध्वनिहरूको खण्डित अभिव्यञ्जना ।

(C) रेखास्थानीय र आकृतिस्थानीय अभिव्यक्ति ।

(D) नित्य हुने तर उत्पत्ति नहुने अभिव्यक्ति ।

**47.** डॉ. नगेन्द्रको विचार अनुसार मिथक शब्दको अर्थ के हो ?

(A) मिथ्यावचन ।  (B) आप्तवचन ।

(C) गुह्यवचन ।  (D) सुप्तवचन ।

**48.** तलका कुन-कुन नाटकका अनुवादक को-को हुन् ? सही उत्तर ठहर गरी निर्दिष्ट ठाउँमा चिनो लगाउनुहोस् –

| **नाटक** | **अनुवादक** |
|---|---|
| (क) 'राजा हरिश्चन्द्र' | (i) शेषमणि प्रधान |
| (ख) 'सीता वनवास' | (ii) महानन्द सापकोटा |
| (ग) 'कण्ठहार' | (iii) घनवीर मुखिया |
| (घ) 'ताराबाई' | (iv) पारसमणि प्रधान |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (i) | (ii) | (iii) | (iv) |
| (C) | (iii) | (iv) | (ii) | (i) |
| (D) | (iii) | (ii) | (i) | (iv) |

**49.** "पाठ्य नाटकको रूपमा शम्भुप्रसादको र दृश्य नाटकको रूपमा मोतीरामको नाटक उच्च देखिन्छ ।"

– यो मन्तव्य कसको हो ?

(A) ईश्वर बराल ।

(B) कमल दीक्षित ।

(C) केशवप्रसाद उपाध्याय

(D) हृदयचन्द्रसिंह प्रधान ।

**50.** 'जोसमनि जोगशास्त्र' – का लेखक को हुन् ?

(A) शशिधर । (B) अगमदिलदास ।

(C) अखडदिलदास । (D) ज्ञानदिलदास ।

**51.** "भाषा हो भनि हेलना जनि गरून् शब्दार्थ जान्याहरू योगाभ्यास नमै रहस्य मिलनू कष्टै छ शब्दार्थले"

– यस पद्यांशका रचयिता को हुन् ?

(A) सोमनाथ सिग्देल ।

(B) भानुभक्त आचार्य ।

(C) दैवज्ञकेशरी अर्याल ।

(D) शम्भुप्रसाद ढुङ्गेल ।

**52.** 'वीरसिक्का' नेपालीबाट रोमनमा लिप्यन्तर गर्ने व्यक्ति को हुन् ?

(A) विज्ञानविलास ।

(B) जयपृथ्वीबहादुर सिंह ।

(C) मानसिंह ठाकुर ।

(D) जुलिस डुनेल ।

**53.** "हिरण्यकशिपु मर्छ, धार्मिक विचार मर्दैन । ईशु मारिए तर धार्मिक विचार मरेन । सुकरातले गरल पान गरे तर तिनका विचारहरूको उन्मूलन भएन ।.... विचार आत्मा जस्तै छ – नैनं छिन्दति शस्त्राणि ।"

– यो कथन कुन कृतिबाट लिइएको हो ?

(A) 'लक्ष्मी निबन्ध सङ्ग्रह' ।

(B) 'प्रह्लाद' ।

(C) 'दश गोर्खा' ।

(D) 'एब्सट्र्याक्ट चिन्तन प्याज' ।

**54.** 'गौरचन्द्रिका' शीर्षक भूमिका भएको ग्रन्थ कुन हो ?

(A) हेमराजको 'चन्द्रिका' व्याकरण ।

(B) वीरेन्द्र सुब्बाको 'मूल सडकतिर' उपन्यास ।

(C) इन्द्र सुन्दासको 'नियति' उपन्यास ।

(D) सोमनाथको मध्यचन्द्रिका व्याकरण ।

**55.** 'हिजोआज स्वतन्त्ररूपमा समालोचना लेख्नेहरू सेलाएका देखिन्छन् । 'एकलव्य' बन्ने स्वाभिमानी कक्रिएर बस्नेका छन्; 'अर्जुन' बन्न अगि सर्नेहरू स्वतन्त्र इच्छा पोख्न स्वतन्त्र छँदैछैनन् ।'

– यो कथन कसको हो ?

(A) रामकृष्ण शर्मा ।

(B) तानासर्मा ।

(C) गणेशबहादुर प्रसाई ।

(D) गणेशलाल सुब्बा ।

**56.** कोशी नदीका तटमा बालुवाको राशिमाथि निर्मित काल्पनिक त्रिभुज कुन उपन्यासमा उल्लेख भएको छ ?

(A) नरेन्द्र दाइ ।

(B) सुम्निमा ।

(C) घामका पाइलाहरू ।

(D) आगत ।

**57.** योगी अम्बरगीरको अनूदित कृति 'वैराग्याम्बर' को अर्को नाम के हो ?

(A) योगवाशिष्टसार ।

(B) ब्रह्मयज्ञवेदान्त ।

(C) असमनका भाषा ।

(D) ब्रह्मयज्ञउपनिषद् ।

**58.** 'जान्नेहरू थांई मेरो बिन्ती लेखदैछु कि कौनै परिले पनि पुराणो ढाँचाकी बोली रहोस अर्थात् एउटी बोलीमां अर्को बोली नमिसाइयोस कारण छासमिस पार्नाले भाषा खज्यां हुन जान्छे...।'

– यो कसको र कुन कृतिमा प्रयुक्त भाषिक रूप हो ?

(A) राममणि आ.दी. को 'मातृभाषाको स्वाङ' ।

(B) दिलूसिंह राईको 'सत्यार्थप्रकाश' ।

(C) गङ्गाप्रसाद प्रधानको 'बाइबल' ।

(D) ज्ञानदिलदासको 'जमगीता' ।

**59.** 'हिटलर र यहुदी' कस्तो उपन्यास हो ?

(A) गवेषणात्मक ।

(B) प्रतिक्रियात्मक ।

(C) आत्मचरित्रात्मक ।

(D) विध्वंसात्मक ।

**60.** पहिलो यूरोपीय समालोचक कसलाई मानिएको छ ?

(A) होमर ।

(B) पिन्डार ।

(C) युरिपाइडिस ।

(D) अरिस्टोफेनस ।

**61.** "तुफानबीच फँसेको एक अबलाको नाउलाई किनार लगाइदिनु भो, यसका निम्ति म केवल आभार प्रकट गर्न सक्छु तर यस ऋणबाट म कहिल्यै मुक्त हुन सक्तिनँ ।"

– यो वाक्य कसले कसलाई कुन कथामा भनेकी हो ?

(A) 'बितेका कुरा' - मा युवतीले ड्राइभर मालिकलाई ।

(B) 'चुनार गढकी बन्दिनी' - मा महारानीले जङ्गबहादुर राणालाई ।

(C) 'मधेसतिर' - मा विधवाले भोटेलाई ।

(D) 'युवती र जरसाहेब' – मा युवतीले जरसाहेबलाई ?

**62.** 'सेतो ख्याकको आख्यान' – लाई 'हाँकदार डिस्कोर्सहरूको मोजाइक' भन्ने समीक्षक को हुन् ?

(A) इन्द्रबहादुर राई ।

(B) तारानाथ शर्मा ।

(C) मदनमणि दीक्षित ।

(D) कृष्ण गौतम ।

63. हाँडीगाउँ, लगनटोल, किलागल टोल र मासाङ्गाल गल्ली कुन नाटकका स्थाननाम हुन् ?

(A) 'म' ।

(B) 'अटलबहादुर' ।

(C) 'विष्णुमाया नाटिका' ।

(D) 'तानसेनको झरी' ।

64. "ढिलो लेख्ने कछुवाहरू गोलमा पुग्छन्, म खरायो बीचैमा निदाएर दौड हारिरहेछु ।"

– यो वाक्य लक्ष्मीप्रसाद देवकोटाले कुन ग्रन्थको भूमिकामा लेखेका छन् ?

(A) 'शाकुन्तल' । (B) 'सुलोचना' ।

(C) 'वनकुसुम' । (D) 'प्रमिथस' ।

65. 'युद्ध भैंचालो सँगै लिएर आउने एउटा प्रचण्ड आँधी हो । यसले प्रलय ल्याउँछ, देश ध्वंस पार्छ, रणक्षेत्रहरू श्मशानको भूमिमा परिणत हुन्छन् ।'

– यी वाक्य कुन उपन्यासबाट टिपिएका हुन् ?

(A) लुङ्खुम क्याम्प ।

(B) बलिवेदी ।

(C) नियति ।

(D) लड्न जन्मेकाहरू ।

66. लेखनाथ पौड्याललाई 'गुलाम कवि' भनी छेड हान्ने समकालीन कवि को हुन् ?

(A) राजीवलोचन जोशी ।

(B) चक्रपाणि चालिसे ।

(C) शिखरनाथ सुवेदी ।

(D) शम्भुप्रसाद ढुङ्गेल ।

67. तलका कुन कविको उपनाम कुन हो ? सही उत्तर ठहर गरी निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् ।

| | **नाम** | | **उपनाम** |
|---|---|---|---|
| (क) | अम्जद हुसेन | (i) | जिगर |
| (ख) | लक्ष्मीदत्त पन्त | (ii) | अन्जान |
| (ग) | उपेन्द्र बहादुर | (iii) | रत्न |
| (घ) | रत्नलाल | (iv) | इन्दु |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (i) | (iii) | (iv) | (ii) |
| (B) | (iv) | (ii) | (iii) | (i) |
| (C) | (ii) | (iv) | (i) | (iii) |
| (D) | (ii) | (iii) | (iv) | (i) |

68. भानुभक्तको चर्चित फुटकर कविता 'गजाधर सोतीकी घरबूढी' की घरबूढीको घर कुन खोलाको किनारमा थियो ?

(A) मर्स्याङ्दी ।

(B) नारायणी ।

(C) रिस्ती ।

(D) भेरी ।

69. वैरागी काईंलाको कविता 'ब्रेलमा हत्केला छामेर' – लाई शैली र बुद्धिको उच्चाट मान्ने समीक्षक को हुन् ?

(A) कृष्णचन्द्रसिंह प्रधान ।

(B) इन्द्रबहादुर राई ।

(C) गुमानसिंह चामलिङ ।

(D) अभि सुवेदी ।

**70.** तलका कुन-कुन प्रकाशन संस्थाका स्वामी को-को हुन् ? सही उत्तर ठहर गरी निर्दिष्ट स्थानमा चिनो लगाउनुहोस् :

| **प्रकाशन संस्था** | **स्वामी** |
|---|---|
| (क) गोर्खा पुस्तक एजेन्सी | (i) होमनाथ र केदारनाथ |
| (ख) गोरखा पुस्तकालय | (ii) हरिहर आ.दी. |
| (ग) गोरखा हितैषी कम्पनी | (iii) पुण्य प्रसाद |
| (घ) गोरखा ग्रन्थ प्रचारक मण्डली | (iv) विश्वराज र हरिहर शर्मा |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (i) | (ii) |
| (B) | (i) | (iii) | (iv) | (ii) |
| (C) | (ii) | (i) | (iv) | (iii) |
| (D) | (i) | (ii) | (iii) | (iv) |

**71.** नेपाली साहित्यमा अपौरुषेय मानिएका घुमारी, चाँचरी, ढुस्को र चैत कस्ता रचना हुन् ?

(A) पर्वगीत ।   (B) श्रमगीत ।

(C) संस्कारगीत ।   (D) ऋतुगीत ।

**72.** 'साझा समालोचना' – को तेस्रो संस्करणमा कस-कसका लेखहरू थपिएका छन् ?

(A) भानुभक्त पोखरेल, मोहन हिमांशु थापा, कुमार प्रधान, मोहनराज शर्मा र अभि सुवेदी ।

(B) शरद्चन्द्र शर्मा, कुमारबहादुर जोशी, जनकलाल शर्मा, दयाराम श्रेष्ठ र राजनारायण प्रधान ।

(C) गोविन्दराज भट्टराई, चूडामणि बन्धु, डिल्लीराम तिमसिना, तुलसी दिवस र हंसपुरे सुवेदी ।

(D) गुमानसिंह चामलिङ, घनश्याम उपाध्याय कँडेल, ठाकुर पराजुली, गोविन्द भट्ट र कृष्ण गौतम ।

**73.** किराँत लोकनाटकमा कुन किसिमको गीत गाउँदा थुन्सेबाट कोदाको फूल उडेर आकाश घुम्न थाल्छ भन्नै विश्वास रहेको छ ?

(A) शिलुम्ये ।   (B) पालाम ।

(C) सोहराई ।   (D) मुन्धुम ।

**74.** नेपाली साहित्यमा सर्वप्रथम अङ्ग्रेजी गद्याख्यानको आस्वादन गराउने कृति कुन हो ?

(A) मेदिनीप्रसाद रेग्मीको 'आदित्य हृदय' ।

(B) नरदेव पाण्डेको 'मेरिना चरित्र' ।

(C) नरदेव पाण्डेको 'अद्भुत मिलाप' ।

(D) गङ्गाप्रसाद प्रधानको 'हाँसको नराम्रो चल्लाको कथाहा' ।

**75.** नेपाली वाङ्मयमा भक्ति-योग झल्काउने तलका कुन-कुन कृतिहरूका रचनाकार को-को हुन् ? सही उत्तर ठहर गरी निर्दिष्ट ठाउँमा चिनो लगाउनुहोस् :

| **कृति** | **कृतिकार** |
|---|---|
| (क) गोरक्ष योगशास्त्र | (i) शशिधरस्वामी |
| (ख) भगवद्भक्ति विलासिनी | (ii) दैवज्ञकेशरी अर्ज्याल |
| (ग) तुलसोस्तव | (iii) दैवज्ञ ज्योतिनरसिंह |
| (घ) जोसमनी जोगशास्त्र | (iv) हरिहर शर्मा |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (iii) | (ii) |
| (B) | (iii) | (iv) | (ii) | (i) |
| (C) | (i) | (ii) | (iii) | (iv) |
| (D) | (ii) | (iv) | (iii) | (i) |

**Space For Rough Work**